Victorian Equal Opportunity & Human Rights Commission

# भिक्टोरियामा तपाईंको अधिकार र तपाईंलाई कस्ले मद्दत गर्न सक्छ

## मानव अधिकार (Human rights)

भिक्टोरियामा कसैले तपाईंको जात, धर्म, लिंग, राजनीतिक विचार र अन्य कुराहरुका आधारमा तपाईंलाई विभेद गरेमा, त्यो कानुन विपरीत हुन्छ। तपाईंको पनि आफ्नो अधिकार हुन्छ, जस्तै सुरक्षित रहन पाउने अधिकार, समान व्यवहारको अधिकार, आफ्नो धर्म मान्ने अधिकार र आफ्नो संस्कृति र परिवारमा रहन पाउने अधिकार।

ती अधिकारहरुलाई 'मानव अधिकार' भनिन्छ र तपाईं जहाँ जन्मे पनि भिक्टोरियामा सबैलाई समान अधिकार पाउँछ।

## भेदभाव (Discrimination)

यदि तपाईं बहालको घरमा रहँदा, कार्यालय, विद्यालय, पसल वा रेष्टुराँमा जाँदा वा खेल्दै गर्दा तपाईंलाई फरक वा असमान तरिकाले व्यवहार गरिन्छ भने त्यो पनि गैर कानुनी कुरा हो।

मानिसहरुले तपाईंलाई असमान रुपमा व्यवहार गर्न नपाउने आधार/अवस्थाहरुः

- तपाईंको छालाको रङ, संस्कृति वा जात, पारिवारिक पृष्ठभूमि वा तपाई जन्मेको देश जहाँबाट तपाईं यहाँ आउनु भएको छ।
- तपाईंको धर्म, धार्मिक विचार वा क्रियाकलाप, उदाहरणका लागिः तपार्इं मस्जिद, सिनागग (यहूदी धर्मको) वा चर्चमा गएको आधारमा मानिसहरुले तपाईंलाई फरकरुपमा व्यवहार गर्न पाउँदैनन्। र, कुनै पनि धर्ममा नलागेर पनि रहन पाइन्छ।
- असक्तता, रोग वा चोट। उदाहरणका लागिः यदि तपाईंसँग कुनै असक्ततता वा बिमारी छ भने तपाईंका लागि छुट्टै कार्यथलोको बन्दोबस्त गरिदिनका लागि आग्रह गर्न सक्नुहुन्छ, यसको लागि तपाईंलाई कुनै सजाय हुँदैन। र, तपाईंको हाकिमले तपाईंका लागि उपयुक्त चाँजोपाँजो मिलाइदिनु पर्छ ताकि तपाईंले आफ्नो काम गर्न सक्नुहुन्छ।
- तपाईं आमाबाबु वा हेरचाह गर्ने हेरचाहक। उदाहरणका लागिः यदि तपाईं बालबालिका वा परिवार सदस्यहरुको हेरचाह गर्नुहुन्छ भने बालबच्चा वा परिवारको हेरचाह गर्ने अर्को फरक समय वा छुट्टीका लागि आग्रह गर्न सक्नुहुन्छ।
- तपाईंको उमेर। उदाहरणका लागिः तपाईं यदि कुनै कामका लागि आवेदन दिनुहुन्छ भने उनीहरुले तपाईं धेरै पाको हुनुहुन्छ वा धेरै नै सानो हुनुहुन्छ भनेर भन्न पाउँदैनन्।
- तपाईं पुरुष वा स्त्री जे भए पनि।
- बच्चालाई स्तनपान गराउँदै हुनुहुन्छ वा गर्भवती हुनुहुन्छ भने। उदाहरणका लागिः क्याफे, खेलुकुद मैदान आदि जस्ता सार्वजनिक स्थलमा स्तनपान गराउन पाइन्छ, तपाईं गर्भवती हुनुहुन्छ वा स्तनपान गराइरहनु भएको छ भने काम गर्ने वा नगर्ने तपाईंले रोज्न पाउनुहुन्छ।
- कानुन अनुरुप यौनकार्य गर्न पाइन्छ। उदाहरणका लागिः तपाईंले शारीरिक सम्पर्क राखेको व्यक्तिको आधारमा तपाईंलाई असमान रुपमा व्यवहार गर्न मिल्दैन।
- तपाईंको यौन परिचय वा लैंगिक पहिचान। उदाहरणका लागिः समलिंगी केटा, समलिंगी केटी, द्विलिंगी, परायौनिक, परालैंगिक, समलैंगिक तथा बहुयौनिक मानिसहरु सबैसँग समान अधिकार हुन्छ।
- तपाईं विवाहित हुनुहुन्छ वा हुन्न। तपाईं विवाहित हुनुहुन्छ, पारपाचुके गरेको, अविवाहित वा सँगै बस्ने जे भए पनि तपाईंलाई समान रुपमा व्यवहार गरिन्छ।
- तपार्इंको शारीरिक विशेषता। जस्तैः तपाईंको उचाइ, वजन, आकार, कपाल वा जन्मजात चिह्नका आधारमा असमान व्यवहार गर्न मिल्दैन।
- कार्यालयमा तपाईंको अधिकारसँग सम्बन्धित क्रियाकलाप। जस्तैः प्रश्न सोधेको आधारमा वा कार्यालयमा अनुभव गरेको समस्याका बारेमा कुरा गर्दा तपाईंलाई सजाय दिन वा कामबाट निकाल्न मिल्दैन।

- संघिय (युनियन) क्रियाकलाप। जस्तैः ट्रेड युनियन (कर्मचारी संगठन) को सदस्य वा विरोध सम्बन्धी कार्यक्रममा भाग लिएको आधारमा तपाईंलाई कामबाट निष्काशन गर्न मिल्दैन।
- तपाईंको राजनीति, राजनीतिक विचार वा क्रियाकलाप वा तपाईंले कुनै पनि राजनीतिक क्रियाकलापमा भाग नलिएमा।

यदि तपाईंले यी सबै कारणहरुका आधारमा कसैलाई फरक व्यवहार गर्नुहुन्छ भने त्यो पनि कानुन विपरीत हुन्छ।

यदि तपाईलाई मानव अधिकार वा भेदभाव बारे थप जानकारी चाहिपमा वा र तपाईंलाई सहयोग चाहिएको अवस्थामा तपाईले मानवअधिकार आयोगलाई 1300 292 153 नम्बरमा वा दोभाषेका लागि 1300 152 494 नम्बरमा फोन गर्नुहोला।

हामीसँग सहयोग मागेको, हामीलाई उजुरी दर्ता गरेको खण्डमा तपाईंलाई कसैले पनि सजाय दिन वा असमान रुपमा व्यवहार गर्न पाउँदैन, र त्यो उजुरीमा संलग्न व्यक्तिलाई मात्र यसबारे थाहा हुनेछ। उजुरी दर्ता गराउनुको मतलब तपाईंलाई अदालतमै प्रस्तुत हुनुपर्छ भन्ने होइन।

विस्तृत विवरणका लागि **www.humanrightscommission.vic.gov.au** वेबसाइट हेर्नुहोला। हामी तपाईंको अधिकारहरुबारे सरकारी संगठनहरुसँग मिलेर सार्वजनिक स्थल र कार्यथलोमा निःशुल्क सूचनाहरु प्रदान गर्ने कार्य पनि गर्छौं।

Victorian Equal Opportunity & Human Rights Commission

## Need more information?

Contact the Commission:

| | |
|---|---|
| Enquiry Line | 1300 292 153 or (03) 9032 3583 |
| Fax | 1300 891 858 |
| TTY | 1300 289 621 |
| Email | enquiries@veohrc.vic.gov.au |
| Website | humanrightscommission.vic.gov.au |

## Accessible formats

This publication is available to download from our website at humanrightscommission.vic.gov.au/resources in PDF and RTF. Please contact the Commission if you require other accessible formats.

## We welcome your feedback!

Were these resources useful? Easy to use? Would you like to see something else included? Please email us at communications@veohrc.vic.gov.au.

Published by the Victorian Equal Opportunity and Human Rights Commission, Level 3, 204 Lygon Street, Carlton Victoria 3053. May 2013.

Disclaimer: This information is intended as a guide only. It is not a substitute for legal advice.